नेपाल सरकार

# ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं.:९७७-१-४२११५१६
फ्याक्स नं.:९७७-१-४२११५१०
सिंहदरबार,काठमाडौँ

श्री योजना महाशाखा
दर्ता नं.........
मिति 2066/8/9

प.स.०७६/७७ (ज.मौ. तथा वा.म.)
च.नं. 1393

महानिर्देशक
दर्ता नं. 4846
मिति- 2077/4/31

मिति २०७७/३/३१

श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं ।

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।

श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल,काठमाडौं ।

विद्युत विकास विभाग
दर्ता नं. 1562
मिति 066/03/29

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयन प्रक्रिया सरलिकरण गर्न देहायको (क) देखि (घ) बुँदाहरूमा उल्लेखित व्यहोरा यस मन्त्रालयको मिति २०७७/३/२८ को सचिवस्तरीय निर्णयानुसार स्वीकृत भएको व्यहोरा आवश्यक कार्यार्थ तथा जानकारीको लागि आदेशानुसार अनुरोध छ।

देहाय:

क. वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयन प्रक्रिया सरलिकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) बाट मिति २०७७/०३/१४ गते भएको निर्णयको बुँदा १. अनुसार मिति २०७६ कार्तिक १ गते भन्दा अगाडी वातावरण संरक्षण ऐन ,२०५३ र वातावरण संरक्षण नियमावली ,२०५४ मा भएका प्रावधान अनुसार सम्बन्धित निकायमा पेश भएका र वातावरण संरक्षण नियमावली, २०७७ जारि हुन पुर्व निर्णय बुँदा ७ (क) बाहेकको आयोजनाको हकमा वन तथा वातावरण मन्त्रालयले प्रतिवेदनमा कायम रहेको भाषामा नै स्वीकृत गर्न सकिने भएको हुँदा उक्त निर्णय बुँदा ७ (क) अनुसार फिर्ता हुने प्रतिवेदनमा आवश्यक परिमार्जन र सोहि भाषा कायम गरी संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची वा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन स्वीकृत गर्न सकिनेछ।

आयोजना अध्ययन महाशाखा
अनुमतिपत्र महाशाखा
योजना, वातावरण तथा आयोजना विकास समन्वय महाशाखा
आयोजना अनुगमन, सुविधा सिफारिस तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
प्रशासन शाखा
आर्थिक प्रशासन शाखा
कानून शाखा

निर्णय कार्यान्वयन गर्न र website मा पनि राख्ने
2066/3/29

नेपाल सरकार
ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं.:९७७-१-४२११५१६
फ्याक्स नं.:९७७-१-४२११५१०
सिंहदरबार,काठमाडौँ

ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय नेपाल सरकार २०७४

**ख.** वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयन प्रक्रिया सरलिकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) बाट मिति २०७७/०३/१४ गते भएको निर्णयको बुँदा ७(क) अनुसार काम कारबाहीको लागि प्राप्त हुने प्रस्तावकहरुको क्षेत्रनिर्धारण प्रतिवेदन र कार्यसूची सम्बन्धमा यस मन्त्रालयको वातावरण शाखाबाट सम्बन्धित विभागमा आवश्यक कारबाहीको लागि फिर्ता पठाउन सकिनेछ।

**ग.** मिति २०७६ कार्तिक १ गते भन्दा अगाडी वातावरण संरक्षण ऐन,२०५३ र वातावरण संरक्षण नियमावली, २०५४ मा भएका प्रावधान अनुसार सम्बन्धित विभाग/केन्द्रमा पेश भएका प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची पेश भएको भाषामा स्वीकृत गर्न सकिनेछ।

**घ.** वातावरण संरक्षण ऐन,२०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार कार्यसूची स्वीकृत भई वातावरण संरक्षण नियमावली, २०७७ जारी हुन पुर्व विभाग/ केन्द्रमा पेश नभएका प्रस्तावहरुले वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

दिनेश श्रेष्ठ
इन्जिनियर